# अरु व्यक्तिको सहायताले जीवनयापन गर्ने व्यक्तिलाई दिने आर्थिक सहायता निर्देशिका

अरु व्यक्तिको सहायताले जीवनयापन गर्ने व्यक्तिलाई दिने आर्थिक सहायता निर्देशिका, २०७५

**प्रस्तावनाः**

अरुको सहायताले जीवन यापन गर्नुपर्ने व्यक्तिहरूको हितको संरक्षण र संवर्द्धन गर्न, तिनका स्वास्थ्य, शिक्षा, रोजगारी, तालिम, पुनर्स्थापना तथा अवसर समानिकरण गराउँदै विकास प्रक्रियाहरूमा समावेशीकरण गराउन तथा राज्यद्वारा तोकिएको सेवा, सुविधा र अवसरको उचित व्यवस्थापन गराउने अभिप्रायले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार बमोजिम गाउँपालिकाको मिति .....को निर्णयानुसार अरु व्यक्तिको सहायताले जीवनयापन गर्ने व्यक्तिलाई दिने आर्थिक सहायता निर्देशिका, २०७५ तयार गरी कालिञ्चोक गाउँपालिकाले लागू गरेको छ ।

परिच्छेद-१

**१.संक्षिप्त नाम र प्रारम्भ**

१.१ यस निर्देशिकाको नाम अरु व्यक्तिको सहायताले जीवनयापन गर्ने व्यक्तिलाई दिने आर्थिक सहायता निर्देशिका, २०७५ रहेको छ ।
१.२ यो निर्देशिका कालिञ्चोक गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखी लागू हुनेछ ।

**२.परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

क) “**निर्देशिका**” भन्नाले अरु व्यक्तिको सहायताले जीवनयापन गर्ने व्यक्तिलाई दिने आर्थिक सहायता निर्देशिका, २०७५ बुझ्नु पर्नेछ ।
ख) “समिति” भन्नाले अरु व्यक्तिको सहायताले जीवनयापन गर्ने व्यक्तिलाई दिने आर्थिक सहायताको सिफारिस गर्ने समिति बुझ्नुपर्छ ।
ग) “**गाउँपालिका**” भन्नाले कालिञ्चोक गाउँपालिका सम्झनुपर्छ ।

घ) **अरु व्यक्तिको सहायताले जीवनयापन गर्ने व्यक्ति**” भन्नाले व्यक्तिको शारीरिक वा मानसिक प्रणालीहरूमा भएको कार्यगत विचलनका कारण अरूको सहारा लिएर पनि दैनिक जीवन सम्पादन गर्न नसक्ने अवस्थाका व्यक्तिहरू, तीव्र बौद्धिक अपाङ्गता भएका व्यक्तिहरु, पूर्ण रुपमा श्रवण दृष्टिविहिन व्यक्तिहरु तथा आफै हलचल गर्न नसक्ने गरी पूर्ण रूपमा अशक्त भई अपाङ्गता भएका व्यक्तिहरूलाई सम्झनुपर्दछ ।

परिच्छेद-२

**३. निर्देशिकाको लक्ष्य** : गाउँपालिकामा भएका अरु व्यक्तिको सहायताले जीवनयापन गर्ने व्यक्तिलाई दिने आर्थिक सहयोग गरी स्वस्थ र सम्मानित जीवन जिउनको लागि सहयोग पुऱ्याउने लक्ष्य रहेको छ

४.**निर्देशिकाको उद्देश्य:**

निर्देशिकाको उद्देश्य देहायका अनुसार हुनेछ ।

- अरु व्यक्तिको सहायताले जीवनयापन गर्ने व्यक्तिलाई सहयोग गर्ने ।
- अस्पतालका पहुँच सम्म पुग्न नसकेको विरामीहरुलाई अस्पतालसम्म पुऱ्याउन सहयोग गर्ने ।

**परिच्छेद -३**

**५. सिफारिस समिति सम्वन्धि व्यवस्था**

५.१ निर्देशिकाको लक्ष्य तथा उद्देश्यहरुको प्राप्तिका लागि निम्नानुसारको सिफारिस समिति गठन गरिने छ

१ गाउँपालिका अध्यक्ष - अध्यक्ष

२. गाउँपालिका उपाध्यक्ष - सदस्य

३. गाउँपालिकाका स्वास्थ्य संयोजक-सदस्य

४. गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत-सदस्य

५ गाउँपालिकाका लेखा हेर्ने अधिकारी-सदस्य-सचिव

५.२ प्रकरण ५.१ बमोजिम गठित समितिको पदावधि ३ वर्षको हुनेछ । पद छाडेमा वा मृत्यु भएमा बाँकी अवधिका लागि समितिले नै सदस्य मनोनयन गर्न बाधा पर्ने छैन ।

५.३ सिफारिस समितिको बैठक सामान्यतया ३ महिनामा १ पटक बस्नेछ । बैठक अध्यक्षको आदेशले सदस्य सचिवले बोलाउनेछ । आवश्यकता भएमा सिफारिस समितिको बैठक जुनसुकै समयमा पनि बोलाउन सकिने छ ।

५.४ सिफारिस समितिको सम्पूर्ण सदस्य संख्याको कम्तिमा ५१ प्रतिशत सदस्य उपस्थित भएमा बैठकको गणपुरक संख्या पुगेको मानिने छ । बैठकको निर्णय अध्यक्षले प्रमाणित गर्नुपर्नेछ ।

**६.सिफारिस समितिको काम, कर्तव्य र अधिकार**

६.१ सिफारिस समितिका काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) अरु व्यक्तिको सहायताले जीवनयापन गर्ने व्यक्तिका आर्थिक सहायता प्रदान गर्नु पर्ने हो भनि सिफारिस गर्नुपर्ने ।

ख) अरु व्यक्तिको सहायताले जीवनयापन गर्ने व्यक्तिका लागि आर्थिक स्रोत जुटाउने ।

ग) आवश्यक बार्षिक योजना तर्जुमा गरी स्विकृतिका लागि गाउँपालिकाको बैठक वा गाउँसभामा पेश गर्ने ।

घ) अरु व्यक्तिको सहायताले जीवनयापन गर्ने व्यक्तिलाई सहयोग पुग्ने खालका कार्यक्रम सञ्चालन तथा व्यवस्थापन योजना तयार गर्ने ।

**६.२ अध्यक्षको काम, कर्तव्य र अधिकारः**

अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) बैठकको अध्यक्षता गर्ने ।

ख) बैठक बोलाउन सचिवलाई निर्देशन दिने

ग) बैठकमा प्रतिवेदन पेश गर्ने, प्रस्ताव पेश गर्ने ।

घ) समितिका सदस्यहरुलाई कामको बाँडफाँड गर्ने तथा कामको आवश्यक समन्वय गर्ने ।

ङ) वित्तिय श्रोत जुटाउने र परिचालन गर्ने गराउने ।

च) समितिका निर्णयहरु सार्वजनिक गरी पारदर्शिता कायम गर्ने ।

छ) बैठक सहभागितात्मक रुपमा सञ्चालन गर्ने ।

ज) योजना तर्जुमा तथा सो को स्वीकृत गर्न आवश्यक कारवाही गर्ने ।

**७.२ सदस्य सचिवको काम, कर्तव्य र अधिकार**

सदस्य सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) अध्यक्षको आदेशानुसार बैठक बोलाउने, अध्यक्षसँगको सल्लाहमा छलफलका विषयवस्तुहरु तथा निर्णयार्थ बैठकमा पेश गर्ने ।

ख) बैठकको निर्णय लेख्ने कोषका सबै कागजातहरु जिम्मा लिने ।

ग) समितिसँग सम्वन्धित सूचनाहरु, तथ्यांक तथा अभिलेख अद्यावधिक गर्ने ।

घ) समितिको प्रशासनिक तथा अन्य कार्यहरु गर्ने ।

ङ) समितिका कार्यक्रम तर्जुमा स्वीकृत र कार्यन्वियन गराउन आवश्यक कार्यवाही गर्ने ।

**१३ सदस्यको काम, कर्तव्य र अधिकारः**

कोषका सदस्यको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) बैठकमा उपस्थित भई छलफलमा सक्रियतापूर्वक भाग लिने ।

ख) समितिको काममा सहयोग पुऱ्याउने ।

ग) समितिका कार्यक्रमहरु कार्यान्वयन गर्न सहयोग पुऱ्याउने ।

घ) समितिले तोकेका अन्य दायित्व निर्वाह गर्ने ।

स्रोतको व्यवस्थापनः

- गाउँपालिकाबाट अरु व्यक्तिको सहायताले जीवनयापन गर्ने व्यक्तिलाई सहयोगका लागि विनियोजन गरेको रकम
- अन्य सहयोगी संस्थाबाट प्राप्त सहयोग
- नेपाल सरकारबाट प्राप्त अनुदान

६.भुक्तानीः

- भुक्तानी चेक मार्फत गरिनेछ। चेकमा गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत, लेखापालको हस्ताक्षर हुनेछ।

७. नितिः

- सम्वन्धित अस्पतालका डाक्टरले पहिचान गरेका व्यक्तिलाई औषधी उपचार खर्चमा सहयोग गर्ने।
- वडाले सिफारिस गरेका अरु व्यक्तिको सहायताले जीवनयापन गर्ने व्यक्तिलाई अनुसूची १ बमोजिम को निवेदन सिफारिस समिति समक्ष दर्ता गराए पश्चात समितिको निर्णय बमोजिम रु १००००। - ( अक्षरुपी दश हजार रुपैया मात्र )उपलब्ध गराइनेछ।

विविध

८.लेखापरिक्षण

- लेखापरिक्षणको व्यवस्था नियमानुसार गाउँपालिकाले गर्नेछ।

९. गाउँविकास योजनामा समावेश गर्ने :

- यस निर्देशिका गाउँ सभाबाट पारित गर्नुपर्नेछ।

१०. निर्देशिकाको संसोधनः

- यस निर्देशिकालाई संसोधन गर्न आवश्यक देखिएमा आर्थिक सहायता सिफारिस समितिको सिफारिसमा कार्यपालिकाको बैठक बाट पारित गरी गाउँसभाले गर्नेछ।

११. खारेजी तथा बचाउ

- यस निर्देशिकामा व्यवस्था भएका कुराहरु प्रचलित कानूनसँग बाझिएमा वा बाझिएको हदसम्म अमान्य हुनेछ।

अनसुची १

| हालसालै खिचेको पासपोर्ट साइजको फोटो |
|---|

अनुसुचि १

(अरु व्यक्तिको सहायताले जीवनयापन गर्ने नागरिकले दिने निवेदनको ढाँचा)

मिति :

विषयः सहयोग उपलब्ध गराई पाउँ ।

श्री ......................... ज्यू ,
कालिञ्चोक गाउँपालिका................................।

म अरु व्यक्तिको सहायताले जीवनयापन गर्नै महिला /पुरुष हुँ । मेरो शारीरिक, आर्थिक तथा सामाजिक अवस्था कमजोर भई ..................................................... कार्यका लागि सहयोगको आवश्यक परेको हुनाले निम्नलिखित कागजात संलग्न गरी निवेदन पेश गरेको छु । नियमानुसार सहयोग रकम उपलब्ध गराइ दिनुहुन निवेदन गर्दछु ।

**संलग्न कागजात (संलग्न रहेकोमा रेजा चिन्ह लगाउने) :**

१.नेपाली नागरिकताको प्रतिलिपी
२ अरु व्यक्तिको सहायताले जीवनयापन गर्ने महिला/पुरुष भएको प्रमाणित हुने कागजात ।
३.सम्बन्धित स्थानीय निकायले अरु व्यक्तिको सहायताले जीवनयापन गर्ने नागरिक हो भन्ने प्रमाणित सिफारिस पत्र
४. हालसालै खिचेको फोटो २/२ प्रति)

**निवेदकको:**
नाम, थर :
ठेगाना :